दरखास्त दिन सकिने न्यूनतम ऋणपत्रः २५ कित्ता
दरखास्त दिन सकिने अधिकतम ऋणपत्रः १२,००,००० कित्ता

दरखास्तसाथ एकमुष्ठ रू.१,०००/- प्रति
ऋणपत्रका दरले भुक्तानी माग गरिएको

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७ १ ४२४६१६०
फ्याक्स नं. ९७७ १ ४२४६१५६
इमेलः info@nmb.com.np
वेबः www.nmb.com.np
टोल फ्रि नं. १६६००१२५२५२
को

"१०% "एनएमबि डिवेन्चर २०८५"

आव्हान पत्र

ऋणपत्रको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	: २०७५/११/३० गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७५/१२/०४ गते बैकिङ्ग समय पश्चात्
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७५/१२/१४ गते बैकिङ्ग समय पश्चात्

यो विवरण-पत्र नभई केवल आव्हान -पत्र मात्र हो ।

दश वर्ष अवधि तथा वार्षिक १० प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु.१,000/– अंकित ३0 लाख कित्ता मध्ये १२ लाख कित्ता डिबेन्चरले हुन आउने कुल १ अर्ब रु. २0 करोड ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात ६0,000 कित्ता डिबेन्चर सामुहिक लगानी कोषका लागि छुट्ट्याएको) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिने ।

श्री नेपाल धितोपत्र बोर्डद्वारा स्वीकृत मिति २०७५/११/१४ श्री नेपाल राष्ट्र बैंकमा दर्ता मिति २०७५/११/१५ तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति २०७५/११/१९

१. संस्थाको नाम :

एनएमबि बैंक लिमिटेड (NMB Bank Limited) ।

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस बैंक कम्पनी ऐन, २०५३ (संसोधन सहित) बमोजिम स्थापित भई प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित छ ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, काठमाडौ महानगरपालिका वडा नं.११, एनएमबि भवन, बबरमहलमा रहेको छ ।

४. कारोवार स्थान :

यस बैंकको प्रधान कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११, एनएमबि भवन, बबरमहलमा रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्ना शाखा, उपशाखा वा अन्य कार्यालय मार्फत नेपालभर कारोवार गर्न सक्नेछ । यस बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृत गरे अनुसार नेपालभित्र देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो कारोवार सञ्चालन गर्दै आएको छः

सि.नं.	शाखाको नाम	शाखा रहेको स्थान	सि.नं.	शाखाको नाम	शाखा रहेको स्थान	सि.नं.	शाखाको नाम	शाखा रहेको स्थान
१.	प्रधान कार्यालय	बबरमहल, काठमाडौं	३८.	शाखा कार्यालय	ड्राइभर टोल, रुपन्देही	७५.	शाखा कार्यालय	बन्गाई, कपिलबस्तु
२.	शाखा कार्यालय	तिनकुने, काठमाडौं	३९.	शाखा कार्यालय	दुँधे, झापा	७६.	शाखा कार्यालय	टिमुरे, रसुवा
३.	शाखा कार्यालय	बसुन्धारा, काठमाडौं	४०.	शाखा कार्यालय	गोरखा	७७.	शाखा कार्यालय	भोजपुर
४.	शाखा कार्यालय	चावहिल, काठमाडौं	४१.	शाखा कार्यालय	गोरुसिंगे, कपिलवस्तु	७८.	एशाखा कार्यालय	हेटौडा, मकवानपुर
५.	शाखा कार्यालय	कलंकी, काठमाडौं	४२.	शाखा कार्यालय	इटहरी, सुनसरी	७९.	शाखा कार्यालय	कावासोती, नवलपुर
६.	शाखा कार्यालय	कान्तीपथ, काठमाडौं	४३.	शाखा कार्यालय	जनकपुर, धनुषा	८०.	शाखा कार्यालय	बेनी, म्याग्दी
७.	शाखा कार्यालय	कुमारीपाटी, ललितपुर	४४.	शाखा कार्यालय	जितपुर, कपिलवस्तु	८१.	शाखा कार्यालय	निजगढ, बारा
८.	शाखा कार्यालय	लुभु, ललितपुर	४५.	शाखा कार्यालय	कटारी, उदयपुर	८२.	शाखा कार्यालय	गोलबजार, सिराहा
९.	शाखा कार्यालय	न्युरोड, काठमाडौं	४६.	शाखा कार्यालय	केराबारी, मोरङ्ग	८३.	शाखा कार्यालय	सुर्खेत
१०.	शाखा कार्यालय	पुतलीसडक, काठमाडौं	४७.	शाखा कार्यालय	केर्खा, मोरङ्ग	८४.	शाखा कार्यालय	तुलसिपुर, दाङ्ग
११.	शाखा कार्यालय	ठमेल, काठमाडौं	४८.	शाखा कार्यालय	किर्ने, दोलखा	८५.	शाखा कार्यालय	ईलाम
१२.	शाखा कार्यालय	थैव, ललितपुर	४९.	शाखा कार्यालय	लाहान, सिराहा	८६.	शाखा कार्यालय	गाईघाट, उदयपुर
१३.	शाखा कार्यालय	नक्साल, काठमाडौं	५०.	शाखा कार्यालय	लेटाङ्ग, मोरङ्ग	८७.	शाखा कार्यालय	महेन्द्रनगर, कञ्चनपुर
१४.	शाखा कार्यालय	सितापाइला, काठमाडौं	५१.	शाखा कार्यालय	मधुमल्ला, मोरङ्ग	८८.	शाखा कार्यालय	दमौली, तनहुँ
१५.	शाखा कार्यालय	थापाथली, काठमाडौं	५२.	शाखा कार्यालय	मनीग्राम, रुपन्देहि	८९.	शाखा कार्यालय	गल्छि, धादिङ्ग
१६.	शाखा कार्यालय	सुर्यविनायक, भक्तपुर	५३.	शाखा कार्यालय	मन्थली, रामेछाप	९०.	शाखा कार्यालय	बर्दिबास, महोत्तरी
१७.	शाखा कार्यालय	टेकु, काठमाडौं	५४.	शाखा कार्यालय	मुर्गीया, रुपन्देहि	९१.	शाखा कार्यालय	कोहलपुर, बाँके
१८.	शाखा कार्यालय	पुल्चोक, ललितपुर	५५.	शाखा कार्यालय	नारायणगढ, चितवन	९२.	शाखा कार्यालय	बड्डेश्वर, धनुषा
१९.	शाखा कार्यालय	आर्यभञ्ज्याङ्ग, पाल्पा	५६.	शाखा कार्यालय	नेपालगंज, बाँके	९३.	शाखा कार्यालय	चुलाचुली, इलाम
२०.	शाखा कार्यालय	बनेपा, काभ्रे	५७.	शाखा कार्यालय	पथरी, मोरङ्ग	९४.	शाखा कार्यालय	नौमुले, दैलेख
२१.	शाखा कार्यालय	वेलबारी, मोरङ्ग	५८.	शाखा कार्यालय	फर्साटिकर, रुपन्देही	९५.	शाखा कार्यालय	कपन, काठमाडौं
२२.	शाखा कार्यालय	भलवारी, रुपन्देहि	५९.	शाखा कार्यालय	फिदिम, पाँचथर	९६.	शाखा कार्यालय	के. आई. सिंह, डोटी
२३.	शाखा कार्यालय	विराटनगर, मोरङ्ग	६०.	शाखा कार्यालय	पोखरा, कास्की	९७.	शाखा कार्यालय	त्रिवेणीसुस्ता, नवलपरासी
२४.	शाखा कार्यालय	कंचनबारी, मोरङ्ग	६१.	शाखा कार्यालय	सल्लेरी, सोलुखुम्बु	९८.	शाखा कार्यालय	बेलडाँडी, कंचनपुर
२५.	शाखा कार्यालय	विरगंज, पर्सा	६२.	शाखा कार्यालय	सुनवल, नवलपरासी	९९.	शाखा कार्यालय	मायादेवी, कपिलवस्तु
२६.	शाखा कार्यालय	विर्तामोड, झापा	६३.	शाखा कार्यालय	तम्घास, गुल्मी	१००.	शाखा कार्यालय	सुरुङ्गा, सप्तरी
२७.	शाखा कार्यालय	बुटवल, रुपन्देहि	६४.	शाखा कार्यालय	ताप्लेजुङ्ग	१०१.	शाखा कार्यालय	नवराजपुर, सिरहा
२८.	शाखा कार्यालय	बुटवल (मुख्य), रुपन्देहि	६५.	शाखा कार्यालय	तरहरा, सुनसरी	१०२.	शाखा कार्यालय	सखुवानाक्करकट्टी, सिरहा
२९.	शाखा कार्यालय	चारनम्बर, रुपन्देहि	६६.	शाखा कार्यालय	ठुटीपिपल, रुपन्देही	१०३.	शाखा कार्यालय	औरही, सिरहा
३०.	शाखा कार्यालय	चन्द्रगढी, झापा	६७.	शाखा कार्यालय	उर्लावारी, मोरङ्ग	१०४.	शाखा कार्यालय	महोत्तरी, महोत्तरी
३१.	शाखा कार्यालय	चन्द्रौटा, कपिलबस्तु	६८.	शाखा कार्यालय	वालिङ्ग, स्याङ्जा	१०५.	शाखा कार्यालय	सोनमा, महोत्तरी
३२.	शाखा कार्यालय	चुत्रावेसी बजार, अर्घाखांची	६९.	शाखा कार्यालय	लम्की,कैलाली	१०६.	शाखा कार्यालय	बिश्रामपुर, बारा
३३.	शाखा कार्यालय	दैलेख	७०.	शाखा कार्यालय	दमक, झापा	१०७.	शाखा कार्यालय	पचरौता, बारा
३४.	शाखा कार्यालय	धनगढी, कैलाली	७१.	शाखा कार्यालय	भैरहवा, रुपन्देही	१०८.	शाखा कार्यालय	हंसपुर, धनुषा
३५.	शाखा कार्यालय	धरान, सुनसरी	७२.	शाखा कार्यालय	पाल्पा	१०९.	शाखा कार्यालय	शर्दिबगैंचा, नवलपुर
३६.	शाखा कार्यालय	धुन्चे, रसुवा	७३.	शाखा कार्यालय	बुर्तिवाङ, बागलुङ्ग	११०.	शाखा कार्यालय	तिलाठी, सप्तरी
३७.	शाखा कार्यालय	डोटी	७४.	शाखा कार्यालय	मसुरिया, कैलाली			

माथि उल्लेखित शाखाहरु बाहेक बैंकले नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई थप ४ एक्सटेन्सन काउन्टरहरु (डोटीको सिलगढी, रुपन्देही रामनगर, काठमाडौं जिल्ला कार्यालय, काठमाडौं जिल्ला अदालत) तथा मलेसिया स्थित प्रतिनिधि कार्यालयको माध्यमबाट समेत आफ्नो कारोवार संचालनगर्दै आएको छ ।

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ११, एनएमबि भवन, बबरमहल स्थित मुख्य कार्यालय रहेको एनएमबि बैंक लि.ले मिति २०५३/०९/०४ मा "ग" वर्गको वित्तीय संस्थाको रुपमा कारोवार गर्ने इजाजत प्राप्त गरि मिति २०६५/०१/२४ देखि "क" वर्गको बैंकमा स्तरोन्नति भई विगत २२ बर्षदेखि वित्तीय कारोवार संचालन गरि आएको छ । यस बैंकमा श्री क्लिन ईनर्जी डेभलपमेन्ट बैंक लि., श्री भृकुटी डेभलपमेन्ट बैंक लि., श्री पाथिभरा विकास बैंक लि. र श्री प्रुडेन्सियल फाइनान्स कम्पनी लि. गाभिई मिति २०७२ कार्तिक १ गतेबाट एनएमबि बैंक लि.को नामबाट वित्तीय कारोवार संचालन भई आएको छ । बैंकले हाल ११० शाखा ४ एक्सटेन्सन काउण्टर, विभिन्न स्थानमा शाखा रहित बैंकिङ्ग र मलेसियामा रहेको एक प्रतिनिधि कार्यालय मार्फत ग्राहहरुलाई सेवा प्रदान गर्दै आएको छ ।

यस बैंकमा Nederlandse Financierings-Maatschappij Voor Ontwikkelings landen N. V. (एफ.एम.ओ.), कर्मचारी संचय कोष लगायतका संस्थाहरुको समेत लगानी रहेको छ । यस बैंकमा १७ प्रतिशत शेयर स्वामित्व रहेको एफ.एम.ओ. निदरलैण्डस् अन्तर्राष्ट्रिय रुपमा राम्रो छवी भएको Standard & Poor's तथा Fitch जस्ता संस्थाहरुले AAA रेटिङ्ग गरेको निदरलैण्ड सरकार समेतको लगानी रहेको अन्तर्राष्ट्रिय विकास बैंक हो । उक्त बैंकको विश्वका विभिन्न देशहरुमा उपस्थिति रहेको छ ।

बैंकको प्रबन्धपत्रमा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९, प्रचलित कम्पनी ऐन तथा अन्य प्रचलित कानुनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस बैंकका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ प्रतिष्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग/वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
२. कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायीक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिकालागि आवश्यक बैंकिङ्ग/वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
३. उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
४. बैंकिङ्ग/वित्तीय सेवामा जोखिम कम गर्दै बैंकिङ्ग/वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,
५. मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

बैंकले उपरोक्त बमोजिमको उद्देश्यहरु कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजतपत्र प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

६. पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजी : यस बैंकको अधिकृत पूँजी रू.१०,०००,०००,०००/- (अक्षेरुपी दश अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रू.१००/- का दरले १०,००,००,००० (दश करोड) साधारण शेयरमा विभाजित गरिएको छ ।

जारी पूँजी : यस बैंकको जारी पूँजी रु.८,७४,३७,८४,२२९.०६ (अक्षेरुपी आठ अर्ब चवत्तर करोड सैतिस लाख चौरासी हजार दुई सय उनन्तिस रुपैया र पैसा छ मात्र) रहेको छ । उक्त पूँजीलाई रू.१००/- का दरले ८,७४,३७,८४२/२९ साधारण शेयरमा विभाजित गरिएको छ ।

चुक्ता पूँजी : यस बैंकको चुक्ता पूँजी रु.८,७४,३७,८४,२२९.०६ (अक्षेरुपी आठ अर्ब चवत्तर करोड सैतिस लाख चौरासी हजार दुई सय उनन्तिस रुपैया र पैसा छ मात्र) रहेको छ । उक्त पूँजीलाई रू.१००/- का दरले ८,७४,३७,८४२/२९ साधारण शेयरमा विभाजित गरिएको छ ।

नोटः मिति २०७५ पौष २६ गते बसेको तेईसौं वार्षिक साधारण सभाबाट बैंकको जारी तथा चुक्ता पूँजी रु.९,६१८,१६२,६५१।९६ पुऱ्याउन स्वीकृति प्रदान गरेको र सोही बमोजिम बैंकको प्रबन्धपत्र संशोधनगर्ने निर्णय भई सोको कम्पनि रजिस्टारबाट अभिलेख हुन बाँकी । कम्पनी रजिस्ट्रारको कार्यालयबाट संशोधनको अभिलेख पश्चात बैंकको जारी तथा चुक्ता पूँजी रु.९,६१८,१६२,६५१।९६ कायम हुने र सोहि बमोजिम शेयर स्वामित्व (कित्ता) परिवर्तन हुने ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप):

ऋणपत्र निष्काशन गरी बाँडफाँट गरेपश्चात कम्पनीको शेयर पूँजी र ऋणपत्र पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक शेयरधनीहरु	४,४५,९३,२९९.५६	५१%	४,४५९,३२९,९५६.७१	शतप्रतिशत
(ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	४,२८,४४,५४२.७३	४९%	४,२८४,४५४,२७२.३५	शतप्रतिशत
	जम्मा	८,७४,३७,८४२.२९	१००%	८,७४,३७,८४,२२९.०६	

ऋण पूँजी :

विवरण	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
७% एनएमबि ऋणपत्र २०७७	५०,००,००,०००.००	शतप्रतिशत
१०% एनएमबि डिवेन्चर २०८५*	३,००,००,००,०००.००	शतप्रतिशत
जम्मा	**रु.३,५०,००,००,०००.००**	

*यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र ।

८. संस्थापक/संचालक सम्बन्धी जानकारी :

आधारभूत शेयरधनीहरुको विवरणः

क्र.सं.	नाम/ठेगाना	पद	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य
१	Nederlandse Financierings- Maatschappij Voor Ontwikke lingslanden N.V. - (FMO)	संस्थापक	नेदरल्याण्ड	१४,८६२,०८०	लागु नहुने	लागु नहुने
२	कर्मचारी संचय कोष	संस्थापक	नेपाल	५,९९९,१२७	लागु नहुने	लागु नहुने
३	Yong Lian Realty SDN BHD, Malaysia.	संस्थापक	मलेसिया	४,५७५,७१८	लागु नहुने	लागु नहुने
४	गायत्री इन्भेष्टमेण्ट एण्ड म्यानेजमेन्ट प्रा.लि.	संस्थापक	नेपाल	२,१५१,२९६	लागु नहुने	लागु नहुने
५	श्री नन्द किशोर राठी, विराटनगर-१२, मोरङ्ग ।	संस्थापक	नेपाली	१,८२८,१६६	बि. कम.	३६ वर्ष देखि, उद्योगी/व्यवसायी
६	श्री धनन्जय प्रसाद आचार्य, खुमलटार, ललितपुर ।	संस्थापक	नेपाली	१,६५८,४५४	बि.ए.	उद्योगी/व्यवसायी
७	सन्तोष राठी, देवकोटा मार्ग, काठमाडौं ।	संस्थापक	नेपाली	१,०७९,६५१	-	उद्योगी/व्यवसायी
८	पवन कुमार गोल्याण, वानेश्वर हाइट-१०, काठमाडौं ।	संस्थापक	नेपाली	१,००२,७७६	बि.कम	३२ वर्ष देखी, उद्योगी/व्यवसायी

संचालकहरुको विवरणः

क्र.सं.	संचालकहरुको नाम	पद	उमेर (बर्ष)	शैक्षिक योग्यता	राष्ट्रियता	ठेगाना	अनुभव, पेशा, व्यवसाय	शेयर स्वामित्व
१.	श्री पवन कुमार गोल्याण संस्थापक समुह	अध्यक्ष	६०	स्नातक	नेपाली	बानेश्वर हाइट, काठमाडौं ।	२०४३ सालदेखि विभिन्न उद्योग व्यवसायमा संलग्न, अध्यक्ष/प्रबन्ध संचालक - रिलायन्स स्पिनिङ्ग मिल्स लि. २०६२ सालदेखि हालसम्म ।	१,००२,७७६
२.	MR. NICO KLAAS GERARDUS PIJL (एफएमओ, नेदरल्याण्ड्सको तर्फबाट) संस्थापक समुह	संचालक	६७	स्नातकोत्तर	डच	नेदरल्याण्ड्स	२०४१ साल देखि बैंकिङ्ग क्षेत्रमा कार्यरत रही हाल अवकाश ।	१४,८६२,०८०
३.	श्री राजेन्द्र काफ्ले (कर्मचारी संचय कोषको तर्फबाट) संस्थापक समुह	संचालक	५६	स्नातकोत्तर	नेपाली	नयां बानेश्वर १०, काठमाडौं ।	मुख्य अधिकृत - कर्मचारी संचय कोष, २०४४ साल देखि कार्यरत ।	५,९९९,१२७
४.	श्री हरिश्चन्द्र सुवेदी सर्बसाधारण समुह	संचालक	४८	स्नातकोत्तर	नेपाली	नयां बानेश्वर, काठमाडौं ।	२०५१ साल देखि कानून व्यवसायमा संलग्न - अधिवक्ता ।	१,६८९
५.	श्री हरि बाबु न्यौपाने सर्बसाधारण समुह	संचालक	४२	स्नातक	नेपाली	पानीपोखरी, काठमाडौं ।	०६० सालदेखि जलविद्युत परियोजनाहरुमा कार्य गर्दै आउनु भएको - जोगमाई खोला हाइड्रोपावर कम्पनीमा विगतमा आवद्ध भई सो परियोजना सम्पन्न भए पश्चात सेती खोला हाईड्रोपावर कम्पनीमा हाल आवद्ध)	७३८
६	श्री प्रदीप राज पाण्डे	स्वतन्त्र संचालक	६९	स्नातकोत्तर	नेपाली	डिल्लीबजार काठमाडौं ।	म्यानेजिङ्ग डाइरेक्टर - नेपाल बायुसेवा निगम २०४८-२०५०, संचालक-राष्ट्रिय विमा समिति २०४८-२०५०, संचालक- सोल्टी होटल २०४८-२०५०, प्रमुख कार्यकारी अधिकृत-नेपाल पर्यटन बोर्ड २०५४-२०५८, हाल विभिन्न परामर्श सेवामा आवद्ध ।	शेयर स्वामित्व नरहेको
७	श्री नन्द किशोर राठी (MR. NICO KLAAS GERARDUS PIJL को बैकल्पिक संचालक)	वैकल्पिक संचालक	६४	स्नातक	नेपाली	विराटनगर-१२, मोरङ्ग ।	२०३९ साल देखि विभिन्न उद्योग, व्यवसायमा संलग्न । हाल मारुती सिमेन्ट लि., पशुपति खाद्य तेल उद्योग प्रा.लि. र स्वदेशी साबुन उद्योग प्रा.लि.मा संलग्न ।	१,८२८,१६६

९. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस बैंकको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ७ (सात) जनाको सञ्चालकसमिति रहेको छ ।

संस्थापक समूहका शेयरधनीहरुको निर्वाचित	३ (तीन) जना
सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित	३ (तीन) जना
स्वतन्त्र संचालक	१(एक) जना

संचालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यवस्था : यस बैंकको नियमावलीमा व्यवस्था भए अनुसार बैंकको संचालक पदमा नियुक्त हुनको लागि कुनैपनि व्यक्तिले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले लिएको शेयरको अनुपातमा हुन आउने संचालक/वैकल्पिक संचालक नियुक्त गर्दा तथा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम स्वतन्त्र संचालक नियूक्त गर्दा व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुनेछैन ।

१०. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण :

बैंकको विगत ३ वर्षको लागि लेखापरीक्षण भएको वित्तीय विवरण :

वासलात

दायित्व	समूह ३२ असार २०७५ सम्ममा	समूह ३१ असार २०७४ सम्ममा	समूह ३१ असार २०७३ सम्ममा	बैंक ३२ असार २०७५ सम्ममा	बैंक ३१ असार २०७४ सम्ममा	बैंक ३१ असार २०७३ सम्ममा
	वास्तविक (रु.हजारमा)					
बैंक तथा वित्तीय संस्थामा कर्जा सापटी	१,०३६,२६९	९०६,३९६	१,३२८,५७५	१,०३६,२६९	९०६,३९६	१,३२८,५७५
नेपाल राष्ट्र बैंकलाई बक्यौता	६६०,०७२	१,११०,५५९	१,३७७,३००	६६०,०७२	१,११०,५५९	१,३७७,३००
डेरिभेटिभ वित्तीय उपकरण	७,४७७,४८४	५,३९३,०३१	३,६४३,३४८	७,४७७,४८४	५,३९३,०३१	३,६४३,३४८
ग्राहकको निक्षेप दायित्व	८४,५०९,५०३	७२,१३७,५४१	६३,६१६,१५५	८३,९७०,८६७	७२,३१७,६६७	६३,४५२,८८८
सापटी	१,१८२,०८२	१,२४०,९३०	७७१,२०३	-	५५,३४७	११०,६९५
चालु आ.व.को कर दायित्व	९२३,१९१	६७१,९७७	३६१,१५५	८२४,३०३	५८८,७७४	३१३,८४०
व्यवस्थता	९,१५२	९,९७८	१७,८९५	९,०७८	९,८०५	१७,८५९
स्थगन कर दायित्व	५,८७२	७२,५९८	६३,९७२	-	६९,१९७	६०,१६८
बन्ड	-	-	-	-	-	-
अन्य दायित्व	१,८७१,६१७	१,८४९,५९४	९६६,६६१	१,४०६,०००	१,२०३,८३८	८९२,७१५
जारी गरेको ऋणपत्र	५१७,५४८	५१७,५४८	५१७,५४८	५१७,५४८	५१७,५४८	५१७,५४८
सुरक्षण नराखेको सहायक आवधिक दायित्व	-	-	-	-	-	-
जम्मा दायित्वहरु	९८,१९२,७८९	८३,९१०,१५२	७२,६६३,८१२	९५,९०१,६२१	८२,१७२,१६२	७१,७१४,९३७
पूँजी						
शेयर पूँजी	७,६०३,२९१	६,४६१,७७४	४,४८६,९२४	७,६०३,२९१	६,४६१,७७४	४,४८६,९२४
जगेडा कोषहरु	-	-	-	-	-	-
अनियन्त्रित व्याज	-	-	-	-	-	-
शेयर प्रिमियम	४,०६६,८५४	१,४४४,७१५	१०,१५०	४,०६१,३६७	१,४२४,८५८	१०,१५०
सञ्चित मुनाफा	२,४७६,४९८	१,५१३,८१८	१,४६०,०४३	२,३३९,१८२	१,३६४,९४९	१,३७८,१५६
कोषहरु	२,५०२,९३१	१,६६४,१२८	१,२८८,०७२	२,४८५,९७०	१,६५०,६८०	१,२७४,८०२
शेयर धनीहरुलाई बाँडफाँड गर्ने कुल इक्विटी	१६,६४९,५७४	११,०८४,४३६	७,२४५,१८९	१६,४८९,८०९	१०,९०२,२६१	७,१५०,०३३
गैर नियन्त्रण स्वार्थ (Non Controlling Interest)	१३१,४८०	१११,८५७	५४,५२४	-	-	-
कुल पूँजी	१६,७८१,०५४	११,१९६,२९२	७,२९९,७१३	१६,४८९,८०९	१०,९०२,२६१	७,१५०,०३३
जम्मा दायित्व र पूँजी	११४,९७३,८४३	९५,१०६,४४५	७९,९६३,५२५	११२,३९१,४३०	९३,०७४,४२३	७८,८६४,९६९

सम्पत्ति	समूह ३२ असार २०७५ सम्ममा	समूह ३१ असार २०७४ सम्ममा	समूह ३१ असार २०७३ सम्ममा	बैंक ३२ असार २०७५ सम्ममा	बैंक ३१ असार २०७४ सम्ममा	बैंक ३१ असार २०७३ सम्ममा
	वास्तविक (रु.हजारमा)					
नगद तथा नगद समान	६,०२८,१५३	६,४५८,१५१	७,१०५,४३६	५,१८३,९३८	५,४९९,९६९	६,७५७,५४१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	६,८६४,७४१	९,२५२,१८५	६,३९५,८१५	६,८४०,५११	९,२४२,४५५	६,३९०,५८५
कर्जा अग्रिम भुक्तानी						
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	२०८,५१४	१३७,६३७	१,६२२,८९३	२७६,४०७	६८१,९३५	१,६३२,३६१
डेरिभेटिभ वित्तीय उपकरण	७,५०६,७५१	५,४२५,६३४	३,६६६,६००	७,५०६,७५१	५,४२५,६३४	३,६६६,६००
अन्य व्यापारिक सम्पत्तिहरु	३२१,७२०	२९८,२८०	२००	३२१,७२०	२९८,२८०	२००
बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा सापटी	२,४९७,५६८	१,८६९,१००	१,४२५,९९५	२,४९७,५६८	१,८६९,१००	१,४२५,९९५
ग्राहकलाई कर्जा तथा सापटी	७४,४१३,५८५	६१,४०५,९६९	५२,७४३,४२३	७२,७११,७७२	५९,८८६,९६१	५२,००६,८३६
धितोपत्रमा लगानी	९,६०८,३६८	७,५७५,२८९	४,४९१,०४४	९,४४८,४४७	७,४८०,९८१	४,४३७,७७१
चालु आ.व.को कर सम्पत्ति	८६३,१४०	८०५,६४५	५१४,४६७	७६३,८८५	७१९,५२७	४६६,६३६
साहयक कम्पनीमा लगानी	-	-	-	२४८,५५२	१४८,५५२	१२०,४००
सम्वद्धमा भएको लगानी	-	-	-	-	-	-
लगानी सम्पत्तिहरु	५९,७७५	७७,४८९	६९,९६९	५९,७७५	७७,४८९	६९,९६९
सम्पत्ति तथा उपकरण	१,५९५,०८५	१,४६५,०८२	१,३४१,९०३	१,५५९,५७०	१,४३६,६१९	१,३२९,७४४
ख्याती तथा अमूर्त सम्पत्ति	२२,६४४	१६,०८५	१६,३८७	२२,०५४	१५,६९७	१५,७७५
स्थगन कर सम्पत्ति	६९,९३९	५६५	-	६६,८६९	-	-
अन्य सम्पतिहरु	४,९१३,८६०	३१९,३३४	५६९,३९४	४,८८३,६१२	२९१,२२३	५४४,५५६
जम्मा सम्पत्ति	११४,९७३,८४३	९५,१०६,४४५	७९,९६३,५२५	११२,३९१,४३०	९३,०७४,४२३	७८,८६४,९६९

नाफा-नोक्सान बाँडफाँड विवरण

विवरण	बैंक आ.व.२०७२/०७३	बैंक आ.व.२०७३/०७४	एकिकृत आ.व.२०७२/०७३	एकिकृत आ.व.२०७३/०७४
	वास्तविक (रु.हजारमा)			
व्याज आम्दानी	४,०५३,३४१	६,०७३,५२१	४,१४३,१४६	६,३२५,१८४
व्याज खर्च	२,०४०,०५९	३,५०५,३४७	२,०५५,१६१	३,५७७,९४२
खुद व्याज आम्दानी	२,०१३,२८२	२,५६८,१७४	२,०८७,९८५	२,७४७,२४३
शुल्क तथा कमिशन आय	-	-	-	-
शुल्क तथा कमिशन खर्च	-	-	-	-
खुद शुल्क र कमिशन आय	-	-	-	-
कमिशन तथा डिस्काउण्ट	१९७,६१६	३६०,६३०	१९७,६१६	४११,०३८
अन्य संचालन आम्दानी	२१८,१०६	२८८,०३०	२९०,२५८	३५४,४६४
जम्मा संचालन आय	-	-	-	-
कर्जाको जोखिम व्यवस्था/फिर्ता तथा अन्य	-	-	-	-
नोक्सानी	-	-	-	-
खुद संचालन आय	-	-	-	-
सटही घटबढ आम्दानी	१६०,२६९	२०८,५१४	१६०,२६९	२०८,५१४
कूल संचालन आम्दानी	२,५८९,२७२	३,४२५,३४९	२,७३६,१२७	३,७२१,२५९
कर्मचारी खर्च	४७१,३११	५९८,४६०	५०९,१११	६८५,७०५
अन्य संचालन खर्च	४७३,५४९	६५९,०७९	४९५,६९५	७०५,६८७
सटही घटबढ नोक्सान	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन	१,६४४,४११	२,१६७,८१०	१,७३१,३२१	२,३२९,८६७
मुनाफा	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्थाहरु	४०३,१०६	१८८,१९९	५८४,९४१	२०३,५७९
संचालन मुनाफा	१,२४१,३०५	१,९७९,६११	१,१४६,३७९	२,१२६,२८८
गैर संचालन आम्दानी/नोक्सान	५५,८४४	५४,६६२	५६,६७३	३६,८९७
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	४७६,८६२	१६६,५०७	६५०,०७९	१६६,५०७
नियमित कारोबारबाट भएको मुनाफा	१,७७४,०११	२,२००,७८०	१,८५३,१३२	२,३२९,६९२
असामान्य कारोबारहरुबाट भएको मुनाफा/खर्च	(१०,९४२)	८८,१२४	(१०,९४२)	१३२,७१५
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा	१,७६३,०६८	२,२८८,९०४	१,८४२,१९०	२,४६२,४०७
कर्मचारी बोनस व्यवस्था	१६०,२७९	२०८,०८२	१६७,४७२	२२५,६७३
आयकर अघिको नाफा	-	-	-	-
आयकर व्यवस्था	४८७,७२५	६१३,४७४	५०७,५९४	६६१,५२२
यस वर्षको	३१३,८४०	५८८,७७४	३३४,६७४	६३७,८३२
गत वर्षसम्मको	६,९०१	५३०	६,९०१	५३०
स्थगन आयकर	१६६,९८४	२४,१७०	१६६,०१८	२३,१६०
खुद नाफा/नोक्सान	१,११५,०६५	१,४६७,३४७	१,१६७,१२४	१,५७५,२१२

विवरण	एकिकृत असाढ मसान्त २०७५	बैंक असाढ मसान्त २०७५
	वास्तविक (रु.हजारमा)	
व्याज आम्दानी	९,१६९,०५७	८,७२८,७००
व्याज खर्च	६,०३६,१३०	५,८२४,६८६
खुद व्याज आम्दानी	३,१३२,९२७	२,९०४,०१४
शुल्क तथा कमिशन आय	९३९,६१८	७९४,२५०
शुल्क तथा कमिशन खर्च	६९,९२७	६२,७०८
खुद शुल्क र कमिशन आय	८६९,६९१	७३१,५४२
खुद व्याज, शुल्क र कमिशन आय	४,००२,६१९	३,६३५,५५६
खुद व्यापारिक आय	२९९,६०६	२९९,६०६
अन्य संचालन आम्दानी	१६९,१०८	१६४,९६२
जम्मा संचालन आय	४,४७१,३३३	४,१००,१२४
कर्जाको जोखिम व्यवस्था/फिर्ता तथा अन्य नोक्सानी	(१९२,०४७)	(२१९,६५१)
खुद संचालन आय	४,६६३,३८०	४,३१९,७७५
संचालन खर्च	-	-
कर्मचारी खर्च	१,१५७,९४०	१,०२१,५७०
अन्य संचालन खर्च	६४४,८६१	५८९,३९४
ह्रास कट्टी र परिषोधन	१५५,९८८	१४७,६९५
संचालन नाफा	२,७०४,५९२	२,५६१,११५
गैर संचालन आम्दानी	४३,१४०	४३,१४०
गैर संचालन खर्च	३७,९३५	३७,९३५
आयकर अघिको नाफा	२,७०९,७९७	२,५६६,३२०
आयकर खर्च	-	-
चालु कर	८६५,७९२	८२९,६२१
स्थगन कर खर्च/(आम्दानी)	(११६,३७२)	(११७,०९४)
यस अवधिको नाफा	१,९६०,३७७	१,८५३,७९३
नाफा बाँडफाँड :	-	-
बैंकको शेयर धनी	१,९४०,१०३	१,८५३,७९३
गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest)	२०,२७४	
यस अवधिको नाफा	१,९६०,३७७	१,८५३,७९३
प्रति शेयर आम्दानी	-	-
आधारभुत प्रति शेयर आम्दानी (Basic EPS)	२९.२७	२८.६७
डाइलुटेड प्रति शेयर आम्दानी (Diluted EPS)	२९.२७	२८.६७

नोटः आ.व.२०७२/०७३ को नाफा नोक्सान हिसाब तथा नाफा नोक्सान बाँडफाँड हिसाव NFRS अनुसार तयार गर्न अनिवार्य नभएको तथा आ.व.०७४/०७५ को नाफा नोक्सान हिसाब तथा नाफा नोक्सान बाँडफाँड हिसाब NFRS अनुसार तयार भएकोले ढाँचा फरक पर्न गएको ।

आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वित्तीय अवस्थाको विवरण (वासलात)

दायित्व	प्रक्षेपित आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	१,१५४,५८८	१,२८४,२९५	१,४२८,५७३
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	७३५,४३८	८१८,०५७	९०९,९५७
डेरिभेटिभ वित्तीय उपकरणहरु	८,३३१,२५१	९,२६७,१८३	१०,३०८,२५९
ग्राहकको निक्षेप	११०,५१८,८००	१४०,९११,४७०	१७६,५६२,०७२
सापटी	५,१०९,६७७	५,०८८,२९४	४,८४९,१०४
चालु कर दायित्व			
व्यवस्था	१०,११५	११,२५१	१२,५१५
स्थगन कर दायित	-	-	-
अन्य दायित्व	१,५६६,५३५	१,७४२,५१९	१,९३८,२७४
जारी गरिएको ऋण पत्र	३,५००,०००	३,५००,०००	३,५००,०००
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	-	-	-
कूल दायित्व	१३०,९२६,४०३	१६२,६२३,०६९	१९९,५०८,७५३
इक्वीटि			
शेयर पूँजी	९,६१८,१६३	११,०६०,८८७	१२,७२०,०२०
शेयर प्रिमियम	२,०४६,४९५	६०३,७९५	९५
संचित नाफा	१,५८०,९७३	१,९६७,७४७	२,५१२,२३८
जगेडा कोषहरु	३,९८०,५२०	६,१४७,९४४	७,८४२,५३६
शेयर धनीहरुलाई बाँडफाँड योग्य कुल इक्विटी	१७,२२६,१५१	१९,७८०,३७३	२३,०७४,८८९
गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest)	-	-	-
कूल इक्वीटि	१७,२२६,१५१	१९,७८०,३७३	२३,०७४,८८९
जम्मा दायित्व र इक्विटी	१४८,१५२,५५४	१८२,४०३,४४१	२२२,५८३,६४२

सम्पत्ति	प्रक्षेपित आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८
नगद तथा नगद समान	२,३४८,७४६	३,४०३,०१२	४,२६३,९७४
नेपाल राष्ट्र बैंकबाट लिन बाँकी	६,६१९,१९२	८,८४७,८३१	११,०८६,३३२
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात (Placement)	१,४७३,२१६	१,४२०,९०४	१,६७९,१९२
डेरिभेटिभ वित्तीय उपकरण	७,६७९,४०७	८,००९,६२१	८,३५४,०३५
अन्य व्यापारिक सम्पत्तिहरु	५८९,९६५	७८२,७३७	९३९,९९१
बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा सापटी	३,५४८,८५२	४,३३४,९२३	५,३६६,६३५
ग्राहकलाई कर्जा तथा सापटी	१०३,३१७,८५१	१२६,२०२,७५५	१५६,२३९,०११
धितोपत्रमा लगानी	१७,३२६,४०९	२२,९८७,८३८	२७,६०६,१५६
चालु कर सम्पत्ति	२८,०४५	३१,४१०	३५,१८०
सहायक कम्पनीमा लगानी	४५५,७९१	६०४,७२१	७२६,२११
सम्वद्ध कम्पनीमा लगानी	-	-	-
लगानी सम्पत्तिहरु	१०९,६१४	१४५,४३०	१७४,६४८
सम्पत्ति तथा उपकरण	२,४८०,५८७	२,३४२,६०३	२,३५२,०२१
ख्याती तथा अमुर्त सम्पत्ति	२६,६८६	३२,२९०	३९,०७०
स्थगन कर सम्पत्ति	२,४५५	२,७५०	३,०८०
अन्य सम्पत्ति	२,१४५,७४०	३,२५४,६१६	३,७१८,१०७
कूल सम्पत्ति	१४८,१५२,५५४	१८२,४०३,४४१	२२२,५८३,६४२

नाफा-नोक्सान विवरण

विवरण	प्रक्षेपित आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८
व्याज आम्दानी	१२,७७९,७७५	१५,६८४,४६६	१९,५५९,०९७
व्याज खर्च	८,१९७,७२९	१०,०७५,४८५	१२,२५२,६२३
खुद व्याज आम्दानी	४,५८२,०४६	५,६०८,९८१	७,३०६,४७४
शुल्क तथा कमिशन आय	१,१२६,९७९	१,४९५,७२२	१,९४४,४३९
शुल्क तथा कमिशन खर्च	८०,२१९	९८,०३६	११६,३९१
खुद शुल्क र कमिशन आय	१,०४६,७६०	१,३९७,६८७	१,८२८,०४८
खुद व्याज, शुल्क र कमिशन आय	५,६२८,८०६	७,००६,६६७	९,१३४,५२२
खुद व्यापारिक आय	४२५,११७	५६४,२१४	७३३,४७९
अन्य संचालन आम्दानी	२३४,०६८	३१०,६५५	४०३,८५१
जम्मा संचालन आय	६,२८७,९९२	७,८८१,५३७	१०,२७१,८५२
कर्जाको जोखिम व्यवस्था/फिर्ता तथा अन्य नोक्सानी	३४०,०२०	४९१,३६०	६१४,०३३
खुद संचालन आय	५,९४७,९७२	७,३९०,१७७	९,६५७,८१९
संचालन खर्च	-	-	-
कर्मचारी खर्च	१,४९४,१०५	१,८००,९२९	२,२१७,७५६
अन्य संचालन खर्च	७५३,९७६	९२१,४४१	१,०९३,९६६
ह्रास कट्टी र परिषोधन	१८८,९३८	२३०,९०२	२७४,१३५
संचालन नाफा	३,५१०,९५३	४,४३६,९०६	६,०७१,९६२
गैर संचालन आम्दानी	३९,१८७	४०,४४८	४५,७३४
गैर संचालन खर्च	-	-	-
आयकर अघिको नाफा	३,५५०,१४०	४,४७७,३५३	६,११७,६९६
आयकर खर्च	-	-	-
चालु कर	१,०६५,०४२	१,३४३,२०६	१,८३५,३०९
स्थगन कर खर्च/(आम्दानी)	-	-	-
यस अवधिको नाफा	२,४८५,०९८	३,१३४,१४७	४,२८२,३८७
नाफा वाँडफाँड :			
बैंकको शेयर धनी	२,४८५,०९८	३,१३४,१४७	४,२८२,३८७
गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest)	-	-	-
यस अवधिको नाफा	२,४८५,०९८	३,१३४,१४७	४,२८२,३८७

वित्तीय प्रक्षेपणका आधारहरु

विवरण	प्रक्षेपित आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८
निक्षेप बृद्धिदर	३१.४५%	२७.५०%	२५.३०%
कर्जा तथा सापट बृद्धिदर	३५.३४%	२२.१५%	२३.८०%
कर्जा निक्षेप अनुपात	७८.५९%	७८.८५%	७८.९१%
संचालन खर्चमा बृद्धिदर	२९.९१%	२०.३१%	१८.३५%
आयकर दर प्रतिशत	३०.००%	३०.००%	३०.००%
निक्षेपको लागत दर	८.००%	७.६६%	७.४४%
औषत ब्याज आम्दानी दर	४.१०%	४.२४%	४.३६%
निश्क्रिय कर्जा प्रतिशत	१.१६%	१.१९%	१.२३%
अनिवार्य नगद मौज्दात (CRR)	६.२०%	६.५०%	६.५०%
बैधानीक तरलता अनुपात (SLR)	२०.४०%	२१.००%	२१.५०%
पूँजीकोष अनुपात (CAR)	१४.४४%	११.९९%	११.१६%

नोटः बैंकले प्रक्षेपित वित्तीय विवरण तयार गर्दा भविष्यमा हुन सक्ने सम्भावित अनुमानीत परिदृष्यको आधारमा तयार गरेको हो । यसका लागि बैंकले विगतका बर्षहरुको कारोवारको बृद्धि, बैंकले गरेको आम्दानी, बैंकको भावी योजनाहरु एबम् बैंकको शाखा संजाल विस्तार गर्ने रणनीति, चालु बर्षको प्रगततथा नेपाल सरकारद्वारा प्रक्षेपित वित्तीय आँकडालाई आधार मानेको छ । बैंकले कर्जा निक्षेप अनुपात, ब्याज दर अन्तर, अनिवार्य नगद मौज्दात, बैधानीक तरलता अनुपात, पूँजीकोष अनुपात तथा निश्क्रिय कर्जा प्रतिशत नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कायम गरी वित्तीय विवरणको प्रक्षेपण गरेको हो ।

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफलः

विवरण	वास्तविक आ.ब.०७२/०७३	वास्तविक आ.ब.०७३/०७४	वास्तविक आ.ब.०७४/०७५	प्रक्षेपित आ.ब.०७५/०७६	प्रक्षेपित आ.ब.०७६/०७७	प्रक्षेपित आ.ब.०७७/०७८
प्रति शेयर नेटवर्थ (रु.)	१५९.३५	१६८.७२	२१६.८८	१७९.१०	१७८.३३	१८१.४१
प्रति शेयर आम्दानी (रु.)	२७.७८	२७.२७	२८.६७	२५.८४	२८.३४	३३.६७
संचित नाफा नोक्सान (रु.हजारमा)	१,३७८,१५६	१,३६४,९४९	२,३३९,१८१	१,५८०,९७३	१,९६७,७४७	२,५१२,२३८

विवरण	वास्तविक आ.ब.०७२/०७३	वास्तविक आ.ब.०७३/०७४	वास्तविक आ.ब.०७४/०७५	प्रक्षेपित आ.ब.०७५/०७६	प्रक्षेपित आ.ब.०७६/०७७	प्रक्षेपित आ.ब.०७७/०७८
चुक्ता पूँजी	४,४८६,९२४	६,४६१,७७४	७,६०३,२९१	९,६१८,१६३	११,०६०,८८७	१२,७२०,०२०
जगेडा तथा कोषहरु	२,६६३,१०९	४,४४०,४८६	८,८८६,५१९	७,६०७,९८८	८,७१९,४८५	१०,३५४,८६९
कुल	७,१५०,०३३	१०,९०२,२६१	१६,४८९,८०९	१७,२२६,१५१	१९,७८०,३७३	२३,०७४,८८९
घटाउनेः अपलेखन गर्न बाँकी खर्च						
कुल नेटवर्थ	७,१५०,०३३	१०,९०२,२६१	१६,४८९,८०९	१७,२२६,१५१	१९,७८०,३७३	२३,०७४,८८९
शेयर संख्या (हजारमा)	४४,८६९	६४,६१७	७६,०३२	९६,१८१	११०,६०८	१२७,२००
प्रति शेयर नेटवर्थ (रु.)	१५९.३५	१६८.७२	२१६.८८	१७९.१०	१७८.३३	१८१.४१
प्रति शेयर आम्दानी चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	१६.२६	१३.६५	११.२४	१४.४३	१५.८४	१८.५६
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा ।				ऋणपत्र जारी पश्चात् यसले नेटवर्थमा प्रत्यक्ष वृद्धि नगर्ने ।		

नोटः प्रक्षेपित वित्तीय विवरण बैंक आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु आरकेएस एण्ड एसोसिएटस्का चार्टडए एकाउण्टेण्ट श्री राजेश कुमार शाहद्वारा पुनरावलोकन गरी ठिक छ भनी प्रमाणित गरिएको छ ।

११. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिमः** बजारमा समय समयमा देखिने तरलताको उतार चढाव र सोको कारण निक्षेपको व्याजदरमा हुने परिवर्तनबाट लगानी विस्तारमा समस्या देखिदै आएको छ । यसबाट बैंकको नाफामा असर पर्न सक्नेछ । यस्तो जोखिम न्यूनिकरण गर्नका लागि तरलताको अवस्था र बजारको स्थितीको मुल्यांकन गरि कर्जा तथा लगानी विस्तार गरिने गरिएकोछ ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : लागु नहुने ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** : नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंक तथा वित्तीय संस्थाहरुको पूँजी बृद्धिले बैंकिङ्ग क्षेत्र अझ मजवुद हुने हामीले अपेक्षा गरेका छौं । यसले बैंकहरुको प्रतिष्पर्धात्मक र जोखिम वहन गर्न सक्ने क्षमता बढाउने छ । फलस्वरुप, हामीले आगामी दिनहरुमा वित्तीय क्षेत्र बीच थप प्रतिष्पर्धा हुँदै जानेछ । प्रतिष्पर्धाबाट उत्पन्न हुने जोखिम व्यवस्थापनमा यस बैंकको उत्कृष्ट सेवा तथा सुविधा, परिवर्तनलाई आत्मसात गर्नसक्ने क्षमता, गुणस्तरीय कर्जा पोर्टफोलियो एवम् जोखिम व्यवस्थापन गर्ने संस्कार तथा विशेषज्ञताबाट थप सहयोग पुग्नेछ ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम** : लागु नहुने ।

(ङ) **विदेशी विनिमयको** : बैंकको विदेशी मुद्रामा ऋण लगानी न्यून रहेको छ । यस बाहेक विदेशी विनिमय कारोबार गर्दा विनिमय दरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरुलाई व्यवस्थापन गर्नआवश्यक उपायहरु अवलम्बन गरिएका छन् ।

(च) **कानुनी प्रक्रियाहरु तथा इजाजतप्राप्त गर्नुपर्ने भए सोबाट पर्नसक्ने अवरोधहरु** : कानुनी प्रक्रियाहरु तथा इजाजतप्राप्त गर्नुपर्ने विषयमा भविष्यमा कुनै उल्लेख्य अवरोध पर्ने नदेखिएको ।

(छ) **क्षेत्रीयकरण र विश्व व्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : अन्तर्राष्ट्रिय तथा क्षेत्रीय बजारमा हुने उतार चढावले नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु । यस बैंक मुख्यतया छोटो अवधिका लागि गरिने अन्तर्राष्ट्रिय व्यापारिक कारोवारहरुमा संलग्न रहने हुनाले यस्ता व्यापारसँग अन्तरनिहीत विश्व तथा क्षेत्रीय बजारमा वस्तुको मूल्यमा आउने उतार चढाव एवं विनिमय दरको परिवर्तनबाट हुनसक्ने जोखिमहरुलाई तत्परताका साथ व्यवस्थापन गर्न सक्षम रहेको छ । नेपालको एक प्रमुख विदेशी विनिमयको श्रोत रहेको वैदेशिक रोजगार, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय आर्थिक घटनाक्रमबाट प्रभावित रहने हुनाले यसबाट प्राप्त हुने विप्रेषणमा भने यसको असर पर्न देखिन्छ । यसबाट देशको वैदेशिक विनिमय संचिती, भुक्तानी सन्तुलन एवं आर्थिक स्थिरतामा असर पर्न सक्दछ र यसबाट पर्नसक्ने अप्रत्यक्ष असरहरुलाई बैंकले आफ्नो पोर्टफोलियोको भार मुल्यांकन (Stress Testing) लगायत अन्य कार्यविधी अनुसरण गरी व्यवस्थापन गर्ने गर्दछ । विश्वव्यापीकरणबाट हाम्रो व्यवसायमा कुनै नोक्सानी व्यहोर्नु पर्ने अवस्था सृजना नहुने अनुमान गरेका छौं । प्रस्तावित पूँजी बृद्धिले बैंकको जोखिम वहन गर्नसक्ने क्षमतामा थप सुदृढ हुनेछ ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम** : नेपाल राष्ट्र बैंक एवं अन्य नियामक निकायहरुले समय समयमा जारी गर्ने निर्देशनं वा नियमहरुले समग्र बैंकिङ्ग क्षेत्र एवं यस बैंकलाई समेत असर पर्न जाने सम्भावना रहन्छ । हामीले प्रचलित ऐन, नियम एवं निर्देशनको पालनालाई उच्च प्राथमिकतामा राख्ने गरेकाले यस्ता नियामक परिवर्तनबाट बैंकको कार्य संचालनमा ठूलो नकारात्मक असर नपर्ने अपेक्षा गरेका छौं ।

नेपाल राष्ट्र बैंकद्वारा हालसालै जारी गरिएका (क) ब्याजुदर सम्बन्धि निर्देशन (ख) बैंक एवं वित्तीय संस्थाको चुक्ता पूँजी बृद्धि सम्बन्धी निर्देशन र (ग) उत्पादनशिल, कृषि, उर्जा एवं विपन्न वर्गमा लगानी गनुपर्ने कर्जा सीमा सम्बन्धी निर्देशनले बैंक तथा वित्तीय संस्थाहरुलाई तत्कालका लागि केहि असहज देखिएपनि यसले बैंकिङ्ग क्षेत्रका विकासमा मद्दतने पुग्ने हामीले अपक्षा गरेको छौं । हाम्रो प्राथमिकता नेपाल राष्ट्र बैंकबाट जारी भएका उपरोक्त निर्देशनहरुलाई पालना गर्दै व्यवसाय विस्तार गर्ने रहेको छ ।

मुद्रा निर्मलीकरण बन्देजका लागि समय समयमा जारी एवं परिवर्तन हुने नीति नियमहरु पालना गर्न हामी प्रतिवद्ध रहेको छौं । सोका लागि हामीले आवश्यक सँयत्र विकास गरि कर्मचारीहरुलाई तालिम प्रदान गर्दै आएका छौं ।

(झ) **संचालन इतिहासको अभाव** : लागू नहुने ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम** : प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम र त्यस्ता जोखिम न्यून गर्ने सम्बन्धमा गरि आएका पहल तथा भावी योजना देहाय बमोजिम रहेको छ ।

प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम	जोखिम न्यनिकरणका उपाय	जोखिम न्यूनिकरण सम्बन्धमा भावी योजना
नयाँ प्रविधि तथा आविष्कारलाई समय सापेक्ष रुपमा ग्रहण गर्न नसकेको अवस्थामा हुनसक्ने जोखिम ।	- प्रविधिमा छरितोपना ल्याउने र प्रविधिको सरलीकृत उपयोग । - केन्द्रिकृत प्रणाली तथा साझाप्रविधिहरुमा सहभागिता । - नयाँ प्रविधिहरुको खोज ।	आगामी वर्षहरुमा प्राविधिक विकास तथा कार्यक्रमहरुमा थप लगानी गर्दै जाने
सूचना संजालका जोखिमहरु (जस्तैः मालवेयर, अनाधिकृत प्रयोग, ह्याकिङ्ग, गलत प्रयोग, सामाजिक संजालको अनाधिकृत प्रयोग)	- सूचना सुरक्षा तथा नाजुक तथ्यांक व्यवस्थापन रणनीतिको अवलम्बन । - जोखिमहरुबाट प्राविधिक संरचनाहरुमा पर्न जाने प्रभावको निर्धारण तथा सुरक्षाको प्रबन्ध । - सुपरीवेक्षण, निगरानी रनिवारणको सामर्थ्य । - सूचना तथा संजाल सुरक्षा जोखिम व्यवस्थापन गर्न विज्ञ एवं विशेषज्ञहरुसँग मजबुत समन्वय ।	सूचना संजाल सुरक्षाका नयाँ प्रविधिहरु अपनाई प्राविधिक मजबुत बनाउँदै लगिने ।
बैंकिङ्ग प्रविधिमा आउनसक्ने अस्थिरताको जोखिम ।	- प्रविधिको आधुनिकिकरण । - केन्द्रीकृत सेवाको निरन्तर निगरानी । - प्रविधि उपयोग पुर्व परीक्षण । - सरलिकृत तथा पारदर्शी परिवर्तन व्यवस्थापन विधि - डिजास्टर रिकभरी क्षमताको अभिवृद्धि	परिवर्तन व्यवस्थापनको स्वचालित विधिलाई सबलीकरण गर्ने ।

(ट) **अन्य** : निम्न उल्लेखित जोखिमहरुको प्रभावकारी व्यवस्थापन गर्न नसकेको अवस्थामा बैंकको जोखिम वहन गर्ने क्षमता एवं व्यावसायीक, आर्थिक एवं संचालन नतिजामा असर पर्न जानेछ ।

- देशको राजनीतिक अस्थिरताबाट संचालन तथा वितीय अवस्थामा पर्ने जोखिम ।
- कर्जा वा लगानी खराब कर्जा तथा लगानीमा परिणत हुँदा बैंकको आम्दानी संकुचन हुने जोखिम ।
- पूँजी बजारमा आउने गिरावटको कारण बैंकको लगानीको मूल्यमा हास आउने जोखिम ।
- सरकारी सुरक्षणपत्रहरुको व्याजदरमा आउने परिवर्तनबाट बैंकको आम्दानी संकुचन हुने जोखिम ।
- कार्यसंचालन जोखिम (Operational Risk) बाट हुनसक्ने हानी नोक्सानी ।
- सम्पत्ति शुद्धीकरण लगायत वित्तीय अपराध सम्बन्धी जोखिमबाट हुनसक्ने हानी नोक्सानी ।
- प्राकृतिक प्रकोप (भुकम्प, बाढी/पहिरो आदी)को कारणबाट व्यवसायमा आउने प्रभावको जोखिम ।

बैंकले विगतदेखि नै जोखिम व्यवस्थापनको क्षेत्रमा गर्दै आईरहेको उत्कृष्ट प्रदर्शन, गुणस्तरीय कर्जा पोर्टफोलियो, जोखिम निगरानी एवं नियन्त्रण विधिको अवलम्वन तथा कुशल एवं तत्परताका साथ जोखिम व्यवस्थापन गर्ने नीति अवलम्बन गर्ने गरेका कारण संचालन एवं वित्तीय अवस्थामा उपरोक्त जोखिमहरुबाट उल्लेख्य असर पर्न जाने देखिदैन । बैंकले पहिचान गरेका सम्भाव्य जोखिमहरु व्यवस्थापन तथा न्युनिकरण गर्न विभिन्न जोखिम तथा सुशासन समितिहरुमा आवश्यकता अनुसार छलफल गर्दै न्यूनिकरण गर्दै आएको ।

उपरोक्तानसारको जोखिमहरुलाई न्यन वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंकको नीति नियमको अधिनमा रहि आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरि बैंकलाई उत्कृष्ट एवं सवलरुपमा संचालन गरि लगानीकर्ताहरुको हितको संरक्षणका लागि आवश्यक नीति, कार्यविधिहरु बनाई लागु गरिएको छ । यसका साथै, बैंकमा रहेको जोखिम व्यवस्थापन विभागले स्वतन्त्र रुपमा जोखिमलाई प्रभावकारी रुपमा नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्य गनुका साथै समय समयमा जोखिम नियन्त्रणको क्षेत्रमा भए गरेका कार्यहरुको पुनरावलोकन समेत गर्ने गरेको छ । कर्जासँग सम्बन्धित जोखिमहरु, कुनैपनि व्यवसायहरु गर्दा सामना गनुपर्ने अन्य अन्तनिहित जोखिमहरु लगायत बजार र तरलता, कार्य संचालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता बैंकको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई बैंकले जोखिम व्यवस्थापन संरचनाद्वारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ । जोखिम व्यवस्थापनकालागि बैंकले अवलम्बन गरेका सिद्धान्तहरु निम्न उल्लेखित छन् :

● जोखिम र प्रतिफल बिच सन्तुलन ● अनुशासित र संयमित जोखिम वहन ● अख्तियारप्राप्त समिति तथा व्यक्तिहरुको स्वीकृती पश्चात् मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता ● भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी ● प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिकालागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण ।

बैंकले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्वन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् यसर्थ उल्लेखित विधिहरुले बैंकको जोखिमलाई पूर्णरुपमा निर्मुल पार्न नसकेता पनि न्युनिकरण गर्न सफल हुने विश्वास लिएका छौं ।

१२. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) **संगठित संस्थाले ऋणपत्र जारी गर्ने भएमा त्यस्तो ऋणपत्र निष्काशनको सम्बन्धि शर्त बन्देजहरु** : यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र निष्काशन गर्ने शर्तहरु देहाय बमोजिम रहेकोछ :

(अ) ***ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :*** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा १०(छ) मा उल्लेख गरिएको छ ।

(आ) ***ऋणपत्रको अवधि (Maturity Period):*** ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँड भएको दिनबाट १० (दश) बर्षको हुनेछ । सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।

(इ) ***निष्काशन गरिने ऋणपत्रको रकम :*** प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ३० लाख कित्ता ऋणपत्रले हुनआउने कुल रु.३ अर्ब ऋणपूँजी रकम मध्ये रु.१ अर्ब २० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका १२ लाख कित्ता ऋणपत्र सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशन तथा रु.१ अर्ब ८० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका १८ लाख कित्ता ऋणपत्र विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिनेछ ।

(ई) ***ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने :*** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र १० (दश) बर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(उ) ***ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :*** यस ऋणपत्रको बार्षिक ब्याजदर १०% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक बर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र द्वितीय अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको माघ १ गतेदेखि र द्वितीय अधवार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको श्रावण १ गतेदेखि भुक्तानी गरिनेछ ।

(ऊ) ***ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धि व्यवस्था:*** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित १० (दश) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा कम्पनीको नाफा नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/c) बाट ऋणपत्र निष्काशन भएको पहिलो वर्ष देखि १०(दश) वर्षसम्म वार्षिक रु.३० करोडका दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तरण गरिनेछ । कम्पनीले कुनै आर्थिक बर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो बर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ । यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ ।

(ए) ***ऋणपत्रवालाको अधिकार :*** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्ने ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानुन बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ । तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुनेछैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण** : यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्रै भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानुनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुनेछैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितिय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्ति मध्ये प्रथम हकवालाको रकम आषाढ मसान्त २०७५ मा रु. ८३।९७अर्ब रहेको छ ।

(ग) **ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Turstee Deed) को प्रमुख बुँदाहरुः** ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने ब्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको ब्यवस्था गरिएको छ ।

(अ) ***ट्रष्टीको नाम तथा ठेगानाः*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री सिद्धार्थ क्यापिटल लि., काठमाण्डौ रहेको छ ।

(आ) ***ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :*** यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा ब्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री सिद्धार्थ क्यापिटल लिमिटेड, काठमाण्डौलाई उक्त सेवा प्रदान गरे बापत करबाहेक वार्षिक रु.२०,०००/- (अक्षरुपी बीस हजार रुपैंया मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ ।

(इ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको ब्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग विभागका प्रमुख श्री सुजन बाबु अधिकारीलाई सम्पर्क ब्यक्तिको रुपमा तोकेको छ । नीजले एमए/एमपिए सम्मको शैक्षिक योग्यता हासिल गरी करिब १० बर्ष भन्दा बढी मर्चेण्ट बैंकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ ।

(ई) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्ने छन्:
गुनासो सुन्ने अधिकारीको नामः सन्दिप कार्की, इमेलः sandeep@siddharthacapital.com, फोन नं.०१-४४२०९२४

(उ) ***ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :*** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको ब्यवस्था अनुरुप मिति २०७५/०९/१५ गते सम्झौता गरिएको छ ।

(ऊ) ***ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :*** ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।

(ए) ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :*** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

(ऐ) ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमासो उपलब्ध गराउने सम्बन्धमा गरिएको ब्यवस्था :*** ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिस्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने ब्यवस्था गरिएको छ ।

(ओ) ***अन्य :***

- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने ।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को अनुगमन गर्ने ।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृती लिनुपर्ने ।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको ब्यवस्था** : सो नभएको ।

(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः**

- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- कम्पनीको पुरक पूँजीकोष (Supplimentary Capital) बृद्धि गर्न ।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

(च) **जारी पूँजी चुक्ता भएको/नभएको** : कम्पनीको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको ।

(छ) **यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण** : यस भन्दा अगाडी बैंकले मिति २०७१ साल फागुण ५ मा ५० करोड बराबरको पाँच बर्ष छ महिना अवधिको बार्षिक ७% ब्याजदर भएको ऋणपत्रहरु जारी गरेको थियो । उक्त ऋणपत्रको भुक्तानी गर्नका लागि ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) खडा गरी बार्षिक रुपमा रु.९,०९,९९,५०२.७३ का दरले हालसम्म रु.३०९५४७८८।९५ जम्मा गरिएको छ ।

(ज) **अन्य :**

- यो ऋणपत्र एनएमबि बैंक लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ ।
- यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेडतथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई खरिद बिक्रीको ब्यवस्था मिलाइनेछ ।
- ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान : यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम एनएमबि बैंक लिमिटेडको कुनै पनि शाखाबाट वा कम्पनीले तोकेको स्थानबाट आफ्ना ऋणपत्रको प्रमाणपत्र र ब्याज भुक्तानी पूर्जा पेश गरी भुक्तानी लिन सक्ने गरी निष्काशन गरिएको छ ।
- ऋणपत्रको बाँडफाँड पश्चात बाँडफाँडमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँड भएको दिन देखिको पहिलो अर्धवार्षिकको ब्याज रकम सो अर्धवार्षिक अवधिको समाप्ति पश्चात भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई ब्याज रकम भुक्तानी गर्नका लागि ऋणपत्रको प्रमाणपत्रको अलावा ब्याज भुक्तानी पूर्जा (Interest Coupon) दिइनेछ ।
- नेपाल राष्ट्र बैंकबाट ऋणपत्र निष्काशन गर्न स्वीकृत प्रदान गर्दा तोकिएका शर्तहरु निम्न अनुसार रहेको छ :
  - १) कुनै पनि सुरक्षण नराखी "१० प्रतिशत एनएमबि ऋणपत्र २०८५" निष्काशन गनु पर्ने ।
  - २) ऋणपत्रको अवधि १० बर्षको हुने ।
  - ३) प्रस्ताव बमोजिम ऋणपत्रमा प्रदान गरिने ब्याज अर्धबार्षिक भुक्तानी गनुपर्ने, ऋणपत्रको बार्षिक व्याजदर १० प्रतिशत हुनुपर्ने र आर्जित व्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था हुनुपर्ने ।
  - ४) बैंक विघटन भएको अवस्थामा "१० प्रतिशत एनएमबि ऋणपत्र २०८५" को भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।
  - ५) "१० प्रतिशत एनएमबि ऋणपत्र २०८५" जारी भएको मितिले बढिमा ३ महिना भित्रमा नेपाल धितोपत्र विनिमय बजारमा सुचिकृत गर्नुपर्ने ।
  - ६) एनएमबि बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यवस्था गनुपर्ने ।
  - ७) "१० प्रतिशत एनएमबि ऋणपत्र २०८५" निष्काशन गर्नु अघि विवरणपत्र नेपाल राष्ट्र बैकमा दर्ता गरी प्रकाशन गनुपर्ने ।
  - ८) "१० प्रतिशत एनएमबि ऋणपत्र २०८५" को रकम भुक्तानी गर्ने प्रयोजनको लागि Redemption Reserv eको व्यवस्था गर्न बैंकको बार्षिक मुनाफाबाट उक्त बण्ड निष्काशन भएको मिति देखि १० प्रतिशतले बराबर रुपमा (Proportionate Period Basis) नाफा/नोक्सान हिसाबबाट रकम छुट्याई १० बर्ष भित्र कुल रु.३ अर्ब बराबरको उक्त कोषमा जम्मा हुने व्यवस्था गनुपर्ने । साथै, नाफा नभएको अवस्थामा अघिल्लो बर्षहरुको संचित मुनाफाबाट छुट्याउनुपर्ने ।
  - ९) Private Placemet को आधारमा बिक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेशगर्नुपर्ने ।
  - १०) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।

१३. ऋणपत्र निष्काशनको उद्देश्य र प्राप्त रकमको उपयोग :

क. **धितोपत्र जारी गर्नुको उद्देश्य :**
अ) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने काम कारोबारका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।
आ) बैंकको पूँजीकोष बृद्धि गर्न ।

ख. **धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :** *निष्काशनबाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण*

क.सं.	विवरण	रकम रु.
१.	नेपाल राष्ट्र बैंकबाट स्वीकृत क्षेत्रमा कर्जा लगानी	२,२०,००,००,०००
२.	विपन्न वर्गमा कर्जा लगानी	२०,००,००,०००
३.	तरलता ब्यवस्थापन अन्तर्गत बैंकहरुमा मौज्दात	२०,००,००,०००
४.	सरकारी ऋणपत्रहरुमा लगानी	४०,००,००,०००
	जम्मा	३,००,००,००,०००

१४. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाडको प्रक्रिया :** यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्ति प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्र बाँडफाँड गरिनेछ र ऋणपत्र बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था** : यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्रको लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको बाँडफाँडमा नपरेको ऋणपत्र बापत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरि फिर्ता भुक्तानी गरिनेछ ।

ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** : लागु नहुने ।

घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रया र समयावधि** :निष्काशन गरिने ऋणपत्र प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका,२०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरी सूचिकरण भए पश्चात सम्बन्धित ऋणपत्रधनीलाई ऋणपत्रको प्रमाणपत्रको अलावा ब्याज भुक्तानी पूर्जा (Interest Coupon) दिइनेछ ।

ङ) **धितोपत्र सुचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनकोलागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण** : बैंकको हाल कायम रहेको ८,७४,३७,८४,२२९।०६ कित्ता साधारण शेयर नेपाल स्टक ऐक्सचेन्ज लिमिटेडमा सूचिकरण रहेको । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र नेपाल धितोपत्र बोर्डबाट स्विकृत भए पश्चात नियमानुसार सूचिकरण गरिने छ ।

च) **धितोपत्र सुचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित ब्यबस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्रको खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१५. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार,लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण** : धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रक्रया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्र खरिदका लागि आवेदन गरी बाँडफाँट भए पश्चात कायम ऋणपत्रधनीहरुले कम्पनीको बार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैन् ।

ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाक्तमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र बैंकको रजिष्टर्ड कार्यालय, बबरमहल, काठमाण्डौं, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ वा कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि. नागपोखरी, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५ (पच्चीस) कित्ता र न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतम सम्पूर्ण कित्ताका ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- (एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ ।

ग) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन् । निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिन सम्ममा सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले आवेदन दिन पाउनेछ ।
२. दरखास्त दिँदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्बन्धी अन्य प्रक्रया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।
३. आवेदकले आवेदन दिँदा आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवदेन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।
४. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।
५. रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।
६. ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ ।

१६. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर,नक्साल, काठमाण्डौ र वेवसाइट : www.siddharthacapital.com
२.	एनएमबिबैंक लि., बबरमहल, काठमाण्डौ तथा बैंकको सम्पूर्ण शाखा कार्यालयहरु र वेवसाइट : www.nmbbanknepal.com

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१.	आस्बा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

१७. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्रद्वारा निष्काशन गरिने ऋणपत्रको लागि आवेदन दिने अवधि १५ दिनको हुनेछ । आवश्यकता भन्दा बढी ऋणपत्र खरिदका लागि आवेदन पर्न आएमा कुनै पनि बखत ऋणपत्रको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको ब्यबस्था अनुसार ४ (चार) कार्य दिन भन्दा अगाडी ऋणपत्रको आवेदन लिने कार्य बन्द गरिने छैन् ।

१८. निष्काशन बैंक (Bankers to the Issue) :

यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रहरुकोलागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा श्री एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौलाई तोकिएको छ ।

१९. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने ऋणपत्रको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाडौंबाट यस बैंक लिमिटेडले जारी गर्न लागेको रु.३ अर्बको Subordinated Debenture Programme (10% NMB Debenture - 2085) लाई इक्रा नेपाल लिमिटेडले [ICRANP] LA- रेटिङ्ग मिति २०७५/१०/०८ मा प्रदान गरेको छ । [ICRANP] LA- प्राप्त गर्ने धितोपत्र उपकरणहरु समयमानै वित्तिय दायित्व पूरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षीत मानिएकोछ । जोखिमको दृष्टीमा यस्ता उपकरणहरु न्यून क्रेडिट जोखिम भएको मानिन्छन् । साथै, यस बैंकलाई ईक्रो नेपाल लिमिटेडले "[ICRANP-IR] A-" (Pronounced as ICRA NP Issuer Rating A Minus) रेटिङ्ग Re-affirm गरेको छ ।

नोटः +/- चिन्हले सोहि रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थीतिमा एक चिन्ह माथी र तललाई जनाउँछ ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Siddhartha Capital Limited
Investing happiness

सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५, फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com, इमेलः scl@siddharthacapital.com